हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १४४ पृष्ठ : ४ २०७७ पुस ०९ गते बिहीबार (Thursday 24 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# ज्याला मात्र १९ रुपियाँ

बिहानै उठ्नेबित्तिकै गाउँकै उमा यादवको घरमा हाजिर हुने । भकारो सोहोर्ने घरमा हाजिर हुने । भकारो सोहोर्ने । गोबरबाट गुइँठा, दाउरा बनाउने । अनि करेसाबारीको काम गर्ने । त्यसपछि खेतीको काम छ भने गर्ने । नभए उसले जे भन्छ त्यही गर्ने । जब मध्यान्ह हुन्छ अनि उसले दिएको खानेकुरा बोकेर घर आउने र खाने । उसकहाँ काम छ भने फेरि जाने । आउनुपर्दैन भनेचाहिँ नजाने । ३७ वर्षीया अरूलियादेवीको यही हो दिनचर्या ।

यसरी काम गरेबापत ६ महिनामा यिनले पाउने भनेको ५० किलोग्राम धान र २४ सय रूपियाँ हो । २० रूपियाँ प्रतिकिलोग्रामका हिसावले उनले पाउने धानको मूल्य १ हजार रूपियाँ हो । यसबाहेक यो अवधिमा एक जोर धोती–ब्लाउज पनि पाउँछिन् । यसरी हेर्दा उनले प्रतिदिन पाउने ज्याला भनेको करिब १९ रूपियाँ पर्न आउँछ । जब हिराब गरेर उनले प्रतिदिन पाउने ज्याला सुनाइयो । त्यसपछि उनको प्रतिक्रिया थियो –आम्मै हो र ? यसरी त आजसम्म हामीले हिसाबै गरेको थिएनौँ ।

उपचार गराउन वा आफन्तकहाँ निम्तो मान्न जानुपर्दा सहज छैन यिनलाई । मालिकले जाऊ भनेर अनुमति नदिंदासम्म खुट्टो चाल्न पाइँदैन । तर जाऊ भनेर बिदा दिंदा पनि गजबको नियम बनाइएका छ । अर्थात कतै जान त पाइयो तर त्यसरी गएको अवधिमा थुप्रिएको काम ( जस्तै–गुइँठा, दाउरा बनाउने, लिपपोत आदि ) भने आएपछि गर्नैपर्छ , त्यसैले यस्ता छुट्टीको कुनै अर्थ हुँदैन । १६ वर्षकौ उमेरमा बिहे भएकी अरूलियादेवी यसैगरी अरूकहाँ काम गर्न बसेकै २० वर्ष बितेको छ । तर यसबीचमा यति धेरै काम गरेर पनि उनले केही कमाएकी छिन् भने त्यो हो– मात्र ऋण । हुन त उनका श्रीमान् बद्री सदा पनि उमाकै घरमा खेतीपाती गर्छन् । जसबापत १० कठ्ठा जमिन पाएका छन् । गरिखान । जसको भरमा खेतीको सम्पूर्ण अभिारा धानिदिनुपर्छ उनले । तर ५ वर्ष बित्यो यो दम्पतीले उमा यादवको घरमा काम गरिदिएबापत केही लिन पाएका छैनन् । किन ? 'किनकि हामीले छोरीको बिहेमा ऊसँग १ लाख रूपियाँ ऋण लिएका थियौं, त्यही पैसा कटाएकाले ५ वर्षसम्म केही लिन पाइएन्–अरूलियादेवीले दुखेसो सुनाइन् । अब त आउला नि तोकिएको ज्यला? अर्को प्रश्न खस्न नपाउँदै पुनः अर्को दुखेसो पोखिन्–कहाँ पाउनु नि , छोराको नाति जन्मेका बेला फेरि ५० हजार रूपियाँ लिनुपऱ्यो । त्यो अब २ वर्षमा सकिन्छ भनेका छन् । त्यतिन्जेल त के देलान् र ज्याला ? काम गरेको पैसा जति ऋणमै कार्टिंदै जाने भएपछि खानपिनका लागि समस्या पर्ने नै भयो । त्यसैले यतिखेर उनीहरू आफू काम गर्दागर्दै पनि जीविकाका लागि छोराको कमाइमा भर पर्न बाध्य छन् । अरूलियादेवी भन्छिन्– जेठो छोरा मजदूरीका लागि भारत गएको छ , कान्छोचाहिँ गाउँमै एउटा साहुको ट्याक्टर चलाउँछ । धन्न उनीहरूले कमाएका आम्दानीले जेनतेन गुजारा चलाइरहेका छौं ।

गाउँब्लकको जग्गामा बसोबास गर्ने अरूलियादेवी जस्तै यो टोलमा २३ परिवार छन् सदाको । सबैको दिनचर्या करिब अरूलियाकै जस्तो हो । न उनीहरूसँग बसोबासका लागि जग्गा न त जीविकाको विकल्प नै । घर नामको एउटै झुपडीमा बाउ/आमा, छोरा/बुहारी, नाति/नातिना लहरै सुत्नुपर्ने बाध्यता सबैमा छ । त्यो पनि पराल बिछ्याएर 'भातमा मजदूरी गर्न जाने कि मालिकको घरमा हरवा–चरवा बस्ने'–हामीसँग भएका दूई विकल्प यिनै हुन् जसमध्ये एउटा नरोजी सुखै छैन –निराश जिन्दगीको यथार्थ सुनाउँछिन् अरूलियादेवी ।


अरुलियादेवी सदाय
*सखुवाटोल, सखुवा नन्कारट्टी गाउँपालिका-४ , सिरहा*

**नित्तान्त फरक दृश्य**

सखुवा टोलका २३ घर सदा गाउँ ब्लकको जग्गामा बसोबास गर्छन् । त्यो पनि करिब २ धुर क्षेत्रफलमा । उनीहरूका बस्तीका बस्तीकै आडमा एउटा पोखरी छ । जुन पोखरी पनि गाउँब्लककै जग्गामा पर्छ । घरकै आडमा भएकाले यो पोखरी प्रयोगको अग्राधिकार यिनै सदा परिवारमा

———बाँकी ३ पेजमा

# क्रिकेट प्रतियोगिता : 'न्युटन' टिम फाइनल प्रवेश



■ फिरोज शेख

लहान । लहानमा संचालित टि टवान्टी क्रिकेट प्रतियोगिता अन्तर्गत बुधबार सम्पन्न पहिलो सेमिफाइनल खेलमा न्युटन क्रिकेट टिम लहान विजय भएका छन् । लहान स्पोर्ट्स एकेडमीको आयोजना र लहान नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्षका प्रत्यासी श्याम साह भोरे भोरको टाइटल स्पोनर, चुरिया एग्रोटेक रिसर्च सेन्टर प्रा.लि र क्वालिटी टेलर्स ७ ट्रेडरको सहयोगमामा टि टवान्टी क्रिकेट प्रतियोगिता सञ्चालित छ । प्रतियोगिता अन्तर्गत बुधबार न्युटन टिम लहान र इनर्वा बीच भएको पहिलो रोमान्चक सेमिफाइनल खेलमा न्युटन टिम लहानले इनर्वालाई २ विकेटले हराउदै फाइनल प्रवेश गरेका छन् ।

———बाँकी ३ पेजमा





फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्ट इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## टिप्पणी

# विभाजनको भाँडभैलो

जनता महामारीबाट आक्रान्त हुँदा त दाहाल वा नेपालले पनि सरकारका जनविरोधी र भ्रष्ट क्रियाकलापविरूद्ध बोलेका थिएनन् ।

नेपालमा '५० वर्ष शासन गर्ने गुड्डी हाँक्ने सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का नेताहरु सत्तामा गएको तीन वर्ष पुग्दा नपुग्दै दुई चिरामा बाँडिएका छन् । नेकपाका अध्यक्ष तथा केपी शर्मा ओलीको पक्ष र विपक्षमा विभाजित नेताहरूले हिजो (मंगलबार) दुई बेग्लाबेग्लै ठाउँमा पार्टी केन्द्रीय समितिको नाममा समानान्तर बैठक गरे । बहुमत केन्द्रीय सदस्य उपस्थित बैठकले अध्यक्ष ओलीलाई हटाएर माधवकुमार नेपाललाई अध्यक्ष बनायो । यस समूहका अर्का नेता पुष्पकमल दाहाल पनि अध्यक्ष छँदैछन् । अर्कातिर, प्रधानमन्त्री ओली अध्यक्ष रहेको समूहले आफ्नो बहुमत हुने गरेर केन्द्रीय समितिमा सदस्य थपेको जानकारी सार्वजनिक भएको छ । प्रतिनिधि सभा विघटन गर्ने राष्ट्रपति विद्यादेवी भण्डारीको घोषणाविरूद्ध नेकपाकै एउटा समूह सडकदेखि सर्वोच्च अदालतसम्म पुगेको छ । प्रधानमन्त्री ओली पक्षले पनि देशव्यापी भेला गरेर आफ्नो पक्ष आक्रामकरूपमा राख्न लागेको छ ।

भन्छन्, चीनमा चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओत्से तुङकी कान्छी पत्नी चियाङ चिङलाई हेर्ने दृष्टिकोण नमिलेको बहानामा पनि नेपालका कम्युनिस्ट पार्टीहरु फुट्ने गर्थे । त्यही परम्पराका कम्युनिस्ट नेताहरूले पार्टी फुटाउँदा के आश्चर्य ? हुनत, प्रधानमन्त्री ओलीले नेपालको संविधान, २०७२ को मर्मविपरीत संसद् भंग गराएर लोकतन्त्रको मर्ममा प्रहार गरेकाले अहिले उनका विरूद्ध जनआक्रोश अलि बढी देखिएको छ । तर, अहिले संविधान, विधि र पद्धतिको घोक हाल्नेहरु पनि लोकतन्त्रका पक्षधर होइनन् । प्रधानमन्त्री ओलीले सरकार गठन गरेकै दिनदेखि संविधान र लोकतन्त्रको मर्ममा प्रहार गर्न थालेका थिए । भागबन्डामा चित्तबुझ्दासम्म दाहाल वा नेपाल कसैले पनि सरकारको अर्घेलोमा औँला ठड्याएनन् । सरकारका जनविरोधी र भ्रष्ट क्रियाकलापमा चुँसम्म गरेनन् । तिनीहरूले नै अहिले विधि, पद्धति र संविधानको मर्मको घोक हाल्नु पाखण्ड सिबाय अरु केही देखिँदैन ।

ओलीले राज्यका सबै अंगलाई प्रभावहीन बनाइदिएका छन् । लोकतन्त्रमा सबैभन्दा बढी खतरा यसले उत्पन्न गराएको छ । सम्भवतः २०४६ सालमा लोकतन्त्रको पुनःस्थापना भएपछि संवैधानिक अंगहरु यति निरीह कहिल्यै भएका थिएनन् । सबै अधिकार केन्द्रित गर्ने राजा ज्ञानेन्द्रले गठन गरेको असंवैधानिक आयोगलाई सर्वोच्च अदालतले खारेज गरिदिएको थियो । अहिले भने अदालतकै साखमा समेत प्रश्न उठ्न थालेको छ । अरु निकाय त यसै पनि प्रधानमन्त्री ओलीको छायामा हराएका छन् । संसद् भंग भएर मुद्दा परेको अहिलेमात्र होइन । विसं २०५१ र २०५९ मा पनि यस्तै प्रकृतिको मुद्दा सर्वोच्च अदालतमा परेको थियो । उतिबेला न्यायालयको साख कायम थियो । तैपनि २०५१ मा हार्ने पक्षले वितण्डा मच्चाएको थियो । अहिले त्यही वितण्डा मच्चाउने पार्टी दुई खेमामा विभाजित भएको छ ।

संसद् पुनःस्थापनाको मुद्दा जुन पक्षले जिते पनि सडकमा 'प्रधान न्यायाधीशलाई फाँसी दे !' भन्ने नारा लाग्न सक्छ । कारण, नेकपाका दुवै घटक 'षड्यन्त्रको सिद्धान्त'का अनुयायी हुन् । दुवैको दीक्षा एउटै हो र असहिष्णु संस्कार दुवैतर्फ उत्तिकै छ । यद्यपि, बितेका २५ वर्षको लोकतान्त्रिक अभ्यासले कम्युनिस्टहरूको संस्कारमा पनि लोकतन्त्रको प्रभाव परेको अपेक्षा गर्ने ठाउँ भने बनेको छ । जेहोस्, अब निकास सर्वोच्च अदालतले दिनुपर्ने अवस्था छ । यसैले गैरकम्युनिस्ट विपक्षहरूले लोकतन्त्रको आधारस्तम्भ स्वतन्त्र न्यायालयप्रति जनविश्वास साख जोगाइराख्न र न्यायाधीशलाई स्वतन्त्र र निष्पक्ष हुनसक्ने वातावरण बनाउन पनि ध्यान दिनु जरूरी देखिन्छ । प्रधान न्यायाधीशले इतिहासले सुम्पेको दायित्वबोध गरेर सकेसम्म चाँडै मुद्दाको किनारा लगाउन विशेष अग्रसरता देखाउनु आवश्यक छ । देशलाई लामो समयसम्म अनिर्णयको बन्दी बनाइराख्नु कसैको पनि र विशेषगरी लोकतन्त्रका पक्षमा हुँदैन ।

# दुर्घटनातर्फको राजनीतिक यात्रा

भुरूङ जति नाँचे पनि भुँइको भुँइ' भनेभैँ भयो जति व्यवस्था फेरे पनि अवस्था उही र उस्तै रहँदा । पुरानो परिपाटीलाई परिवर्तन गर्न सक्ने, नयाँ व्यवस्था ल्याउन पनि सक्ने तर अवस्था फेरेर टिकाउन चाहिँ (व्यवस्थापन गर्न) नसक्ने समस्याले पिरोल्यो । आजको समस्या होइन यो, ००७ सालदेखिकै रोगको उकुच पल्टेको हो । त्यो भन्दा पहिलेको राणाशासनमा जे भएको थियो, छाडौँ । नयाँ युगमा प्रवेश गरेपछिको पहिलो अध्यायको शुभ साइतमै मातृकाप्रसाद कोइराला र बीपी कोइरालाबीचको विवादले प्राप्त प्रजातन्त्रको संस्थागत विकास हुन सकेन, गर्न दिएन, दिइएन । ०१७ सालका लागि आधार तयार गरियो, पारियो । त्यसपछिको ३० वर्ष सुखद रहेन । ०४७ सालपछि विवाद अर्को तरिकाले दोहोरियो ।

गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईबीचको विग्रहका रूपमा, ३६ से र ७४ रे का नाममा । गीताध्यायी सन्त नेताको ठट्यौलो शैली तर शान्त स्वभाव, प्रजातन्त्र प्रवर्द्धनप्रतिको, निष्ठा र समर्पणले सघायो, अप्रिय घटना हुन पाएन, रोक्यो, दिइएन । त्यसपछि फेरि गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाका बीचमा विवाद चर्क्यो र शाही सरकार आयो, आउने वातावरण बनाइयो । प्रजातान्त्रिक कालमा नेपाली कांग्रेसलाई सताएको त्यो रोग गणतन्त्रपछि कम्युनिस्टमा सरेर अनिष्ट गर्दैछ, बर्बाद पार्दैछ अहिले । नेपाल कम्युनिस्ट पार्टीमा अध्यक्षद्वयबीचको विवाद मातृका र बीपी, गिरिजा र भट्टराई, गिरिजा र देउवाको नयाँ संस्करणका रूपमा प्रकट भएको छ । पात्र, परिवेश, प्रवृत्ति र समय मात्र फरक परेको होला । अरु फरकपन देखिएन, भेटिएन भन्ने धेरै भए । शक्तिको नसा र नसाको शक्तिको समुचित र समयोचित संयोजन र व्यवस्थापन हुन सकेन । एक अर्कालाई सघाएर सफल हुन दिनभन्दा असफल पार्न सक्रिय रहे सहयात्रीहरु । सौताका रिसले श्रीमान्को अल्पायुको कामना गर्नु आफैं विधवा बन्नु हो भन्ने नबुझेपछि स्वेताम्बरी हुनैपर्छ । पछि पछुताउनुभन्दा पहिल्यै विचार गर्ने हो कि ? सौभाग्यवती भवः भनेर आशिर्वाद दिनेहरु पनि अलमलमा परेका छन् अहिले ।

सोच्ने कहिले ?

७० वर्षमा सातवटा संविधान ! हरेक १० वर्षमा उथलपुथल र व्यवस्था परिवर्तनका लागि बहस ! संसारमा प्रयोगमा आएर अभ्यास भएका सबैखाले व्यवस्थाको परीक्षण गरिसकेजस्तो छ सैनिक शासन

**नारायणप्रसाद पौडेल**

बाहेक । नेपालको चित्र र राजनीतिक चरित्र देखेपछि दुनिया दङ्ग पर्दो

हो ! जति पवित्र प्रणाली भित्र्याए पनि एकदशकमै अपवित्र र असफल बनाउन सक्ने विचित्रको लोकतान्त्रिक शैली देखेर । कुशल कारिगरका हातमा पर्ने हो भने जस्तै बिग्रेको वस्तु पनि सपारेर सदुपयोग गर्छ । दुर्जनका हातमा परेपछि जति राम्रो, बलियो र टिकाउ माल दिए पनि पार्टपुर्जा फुकाल्छ, बिगार्छ, लथालिङ्ग र भताभुङ्ग पार्छ । बिगार्न र भत्काउन चाहिँ जान्ने र सक्ने, बनाउन नसक्ने हुन् त हाम्रा राज्य र राजनीतिक दलका सञ्चालकहरु ? आरोप लगाउनेहरु भन्दैछन् - ००७ सालको दिल्ली सम्झौता हुनुपूर्व, ०४६ सालको परिवर्तन हुनुपूर्व र ०६२/६३ सालको संयुक्त जनआन्दोलन हुनुपूर्वको अवस्थामा पुर्‍याइँदैछ । आठ दलका बीचमा भएको तत्कालीन १२ बुँदे शान्ति (दिल्ली) सम्झौतापछिको परिवर्तनको परीक्षण काल सकिएको' भनेर । हो वा होइन, सम्झौताकारीहरु नै जानून् । 'शक्ति सन्तुलन फेरिएको र कोर्स करेक्सन' को सुरूवात भइसकेको अनुमान गर्नेहरु बढ्दै गएका छन् । सत्तासीन दलको झगडा अझै बढ्दै गएर कोभन्दा को कति तगडा भनेर तुजुक तौलन थाल्ने हो भने अनुमान गर्नेहरूका भविष्यावाणी सफल नहोलान् भन्न पनि नसकिएला ।

राजावादीहरूको आन्दोलन र प्रतिबन्धित विद्रोहीहरूको कथित जनसरकार गठन गर्ने, चन्दा असुल्ने र हिसात्मक गतिविधिमा उत्रने सक्रियताका बीचमा घोषित वा अघोषित सम्बन्ध रहेको हुन सक्ने अड्कल गर्नेहरूले तत्कालीन सात दलको शान्तिपूर्ण सघर्ष र जनयुद्धकारी शक्तिको साथ र सहयोगको विगत नयाँ आगतका रूपमा अवतरित हुन थालेको बताउने गरेका छन् । राजावादीहरूको मोटरसाइकल र्‍याली र जुलुस प्रदर्शनमा कांग्रेस र कम्युनिस्टका असन्तुष्ट कार्यकर्ता सहभागी रहेको समाचार त सार्वजनिक भएकै छन् । भारतको केन्द्रीय सरकार नबोले पनि उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आफ्नो चाहना



बताउन चुकेका छैनन् । योगीका भाषण छ्याप्छ्याप्ती छन् सामाजिक सञ्जालमा । राजावादी र नेपालका प्रतिबन्धित विद्रोहीका बीचमा सम्बन्ध बनाउने सेतुको काम योगीले गरेका पनि हुन सक्छन्, तत्कालीन अवस्थामा जे.एन्.यु. का प्राध्यापक एस्.डी. मुनिले गरेझैँ । विद्रोह गर्ने समूहका प्रमुखले पनि 'तत्कालीन अवस्थामा राजासँग हाम्रो प्रमुख अन्तर्विरोध र दुस्मनी थिएन, राजा राष्ट्रवादी हुन्' भनेको अन्तर्वार्ता सामाजिक सञ्जालमा सार्वजनिक भएकै छ ।

बाघ कराउने र बाख्रो हराउने समय संयोग पनि हुन सक्ला । अनुमान गर्नेहरूले प्रकट गरेका आधार कमजोर देखिँदैनन् । सङ्घीयताको विरोध गर्ने चित्रबहादुर केसी र गणतन्त्र तथा धर्मनिरपेक्षताको विरोध गर्ने कमल थापा एउटै सरकारका उपप्रधानमन्त्री भएको विगत स्मरण गर्न सकिन्छ । राजनीति, युद्ध र प्रेममा जे पनि हुन्छ भनिन्छ पनि । शत्रुता र मित्रताको स्थायित्व हुँदैन भन्ने चलन त छँदैछ राजनीतिमा । मुख्य शक्तिका विरूद्धमा विपक्षीहरु एकीकृत भएर जाइलाग्ने चलन पुरानै हो । जनमतकै बलमा सत्ता र शक्तिको स्थायित्व हुँदो हो त बीपी कोइरालाको दुई तिहाईभन्दा बढी बहुमत पाएको सरकार अपदस्थ हुने थिएन । ०४८ सालपछि बहुमतको सरकारको नेतृत्व गरेका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मध्यावधि चुनाव गराउन संसद भङ्ग गर्नुहुने थिएन । सरकार र पार्टी कुन ठूलो भन्ने विवाद सधैँ उही र उस्तै तरिकाले नदोहोरिए पनि रोग त उही (पुरानै) नै हो ।

योगी, राजावादी र प्रतिबन्धित विद्रोहीको चाहना पूरा गर्ने कामनालाई सत्ताधारी दलको कलहले नजिक्याउने कि टाढा पुर्‍याउने ? नेकपामा देखिएको अन्तर्विरोध साम्य भए टाढिन्छ, नभएर विभाजनतर्फ लागे नजिकिन्छ भन्नेहरु जतातते छन् । दुवै अध्यक्षलाई दुईतिर दौडाएर एक अर्कालाई दुहाई दिन तम्सेकाहरूले बुझुन् । दुई नेताका वरिपरि बसेर, आका[?]षालाई उकासेर इर्स्या, जलन, उत्तेजना, उन्माद र अहंकारमा परिणत गराएर एक अर्का विरूद्ध प्रहार केन्द्रित गराउनेहरूले दुर्घटनातर्फ डोर्‍याएको देखेको छ दुनियाँले । ६३ लाई ३६ बनाउनेहरु जति नजिकका भए पनि जन्ती बन्न सक्दैनन्, मलामी हुन् । जन्तीले त दुई परिवारका बीचको सम्बन्ध जोड्ने सेतुको काम गर्छन् । परिवारभित्रको सम्बन्ध सुधार्नभन्दा बिगार्न उद्यत जमातलाई बराजु मानेर जदौ गर्न सकिन्न ।

असफल पार्न सफल, सफल हुन असफल नेपाली राजनीतिले रोगको उल्मूलन गर्नभन्दा रोगीलाई सिध्याउने काम गर्‍यो सधैँ । कोर्स करेक्सन गर्ने नै हो भने रोगीको उपचार र उपकार गरेर रोगलाई मारौँ, सिध्याउँ । माटो बदल्न सकिन्न । बाटो बदलौँ, शैली फेरौँ र हेरौँ । आफैँ बदलिए दुनियाँ बदल्न सकिन्छ । आफ्ना अनुहारमा लागेको दाग मेटाउन छाडेर ऐना फोर्न र फेर्न थालेर काम बन्दैन । नेतृत्वका क्रियाकलापले राजनीतिप्रति नै घृणा गर्ने र वितृष्णा बढाउने काम गरेको छ । आरोप र आलोचनाभन्दा आत्मसमीक्षाको खाँचो छ । तीनवटै सरकारले आफैँबाट भएका त्रुटि सच्याउनभन्दा विपक्षी सिध्याउने बुटी खोज्दै हिँडेर गन्तव्यमा पुगिन्न । जहाँको तहीँ रहिन्छ । भुरूङ नाचे झैँ हुन्छ । त्यही भइरहेको छ । संघीय संरचनामा गएपछि प्रदेश सरकार र जिल्ला समन्वय समितिको आवश्यकता र औचित्यमाथि प्रश्न उठाउन छाडिएको छैन ।

प्रदेश सरकारका कतिपय मन्त्री, सांसद र जिल्ला समन्वय समितिका पदाधिकारीहरूले आफैँ 'जोक्कर फाल्टु भइयो, वडाध्यक्षको जति पनि अधिकार रहेन, काम भएन' भन्छन् । सरकारका जिम्मेवार व्यक्ति र संरचना नै बेकार भएको, बेरोजगार रहेको विषय अरूले लगाएका आरोपभन्दा आफैँ भोगेर बकेका हुन् । अवास्तविक होइनन्, छैनन् । सङ्घीय र स्थानीय सरकारको संरचनाका बारेमा कसैले पनि प्रश्न उठाएको सुनिँदैन । शासकीय शैली सुधारका विषयमा भने विमति नराखेको भेटिँदैन । विमतिलाई सहमतिमा लैजाने सूत्रको आवश्यकता रह्यो ।*गोरखापत्रबाट*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । रिस, आवेग र क्रोधलाई नियन्त्रणमा राखी काम गर्दा राम्रो प्रतिफल पाइने समय छ ।

**वृष** :- रोकिएका काम पुनः सुरू हुन सक्छन् । जग्गाजमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ । जटिल ठानिएको कामसमेत सम्पादन हुनसक्छ ।

**मिथुन**:- आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक साथ, सुख मिल्नुका साथै खुसीको खबर सुन्न पाउनु हुनेछ ।

**कर्कट** :- आज बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ ।

**सिंह**:- विचार पुर्याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ ।

**कन्या** :- आज धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ । तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**तुला** :- लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ ।

**वृश्चिक** :- चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

**धनु** :- आज दाम, इनाम र प्रतिष्ठाकमाउने बेलाछ । स्वादिष्ट भोजन पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष पनि छाउनेछ ।

**मकर**:- आज सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।

**कुम्भ**:- लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । मानसम्मान पनि पाईन सक्छ ।

**मिन** :- बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ ।

# सहज परियोजनाले हिंसा प्रभावितलाई सुरक्षा र न्यायमा पहुँच अभिवृद्धि

सहज परियोजनाले गर्दा लैंगिक हिंसा प्रभावितहरूको सुरक्षा र न्यायमा पहुँच अभिवृद्धि भएको सरोकारवलाले बताएका छन् ।

सप्तरीको सुरूङ्गा नगरपालिका, राजविराज नगरपालिका, बोदेवरसाइन नगरपालिका, राजगढ गाउँपालिका र छिन्नमस्ता गाउँपालिकामा सम्पन्न सहज परियोजना सल्लाहकार समितिको बैठकका सहभागी सरोकारवालाहरूले यस्तो बताएका हुन् । सप्तरीको सुरूङ्गा नगरपालिकामा मंगलवार सम्पन्न सहज परियोजना सल्लाहकार समितिको बैठकमा सुरूङ्गा नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरीले सहज परियोजनाका कारण नगरका लैंगिक हिंसा प्रभावितलाई सुरक्षा र न्यायमा पहुँच अभिवृद्धि गर्न सहयोग पुगेको बताउनु भयो । आफनै श्रीमानले शरिरमा आगो लगाएपछि घाइते भएकी स्थानीय बसन्ती सदायले




सहज परियोजनाको कारण जीवन पाएको बताए । सहज परियोजना सल्लाहकार समितिका संयोजक एवम् सुरूङ्गा नगर उपप्रमुख विन्दा कुमारी पासवानले नगरपालिकाले लैंगिक हिंसा विरूद्ध चालिरहेको महाअभियानका लागि सहज परियोजनाको मुख्य सहयोग भएको बताइन । साेही बैठकमा सहभागी इलाका प्रहरी कार्यालय भेडियाका प्रमुख मोह्म्मद सागिरले सहज परियोजनाको कारण आत्मविश्वासका साथ निर्धक सेवा लिन आउने सेवाग्राहीको संख्यामा बृद्धि भएको बताए ।

यस्तै बुधवार राजविराजमा सम्पन्न सहज परियोजना सल्लाहकार समितिको बैठकमा सम्बोधन गर्दै राजविराज नगर उपप्रमुख साधना झाले सहज परियोजनाको गतिविधिले नागरिकहरू लैंगिक हिंसा विरूद्ध सचेतना अभिवृद्धि गरेको बताइन् । युकेएडको आर्थिक सहयोगमा भिएसओ नेपाल र इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जन उत्थान केन्द्र लहानले सञ्चालन गरिरहेको सहज परियोजना अन्तरगत सो पालिकाहरूमा भएको परियोजना सल्लाहकार समितिको बैठकमा परियोजना अन्तरगत हालसम्म भएको क्रियाकलापको समीक्षा गर्दै अगामी योजनाबारे छलफल गरिएको सहज परियोजना कार्यत्रम अधिकृत रामभरोसी महतोले जानकारी दिए ।

## ज्याला ...

सुरक्षित हुनुपर्ने हो तर पोखरी बास्तीभन्दा परको मिथिलेश यादव भन्ने स्थानीय जमिनदारले प्रयोग गर्छन् पोखरी प्रयोगमात्र हैन, छुनेसमेत अधिकार छैन यी सा परिवारलाई । त्यतिमात्र हो र ? यहाँ अर्को अचम्मको दृश्य पनि देखिन्छ ।

पोखरीमा माछा पाल्नका लागि मिथिलेशले ट्युबवेलमा मोटर जडान गरेका छन् । अनि अवैधतवरले विद्युत् प्रयोग गरी स्वचालित मेसिनबाट पानी लगाइरहन्छन् । अर्थात हातले बल गरेर तान्नै पर्दैन । जबकि सदा बस्तीमा भने मात्र एउटा ट्युबवेल छ । त्यो पनि मरीमरी थिचिरहेका देखिन्छन् बालबच्चा । जसलाई हेरेरै चित्त बुझाउन बाध्य छन् यहाँका सदाहरू ।

## क्रिकेट ...

प्रतियोगिता अन्तर्गत सम्पन्न पहिलो सेमिफाइनलमा टस जितेर पहिलो ब्याटिंग गरेको इनर्वा क्रिकेट टिमले १८ ओभरमा अल आउट हुँदै मनोज मण्डल र उमेश पासवानको १२ र १२ रनको मद्दतले ८१ रनको सम्मान जनक योगफल तयार गर्न सफल भएका थिए । इनर्वालाई ८१ रनमा समेट्न न्युटनको तर्फ बाट अनिल शर्माले घटक बलिङ्ग गर्दै ४ ओभरमा १७ रन खर्चेर ५ विकेट लिन सफल हुँदा पार्थिव प्रसाद यादव ४ ओभर १८ रन २ विकेट,रबिन गुप्ता ४ ओभर १९ रन १ विकेट र कुश मण्डलले ३ ओभरमा १३ रन खर्चेर १ विकेट लिन सफल भएका थिए । फाइनलमा पुग्नका लागि ८२ रनको लक्ष्य सहित मैदानमा उत्रेका न्युटनले सस्तैमा २ विकेट गुमाउदा सुमित चन्द्रदेवको १९ बलमा ३१ रन,तरपेश्वर मुखियाको २४ बलमा २१ रन र कुश मण्डलको ६ बलमा १९ रनको बिष्फोटक ब्याटिंगको मद्दतले रोमान्चक खेलमा १२ ओभर २ बलमा ८५ रन बनाउदै प्रतियोगिताको फाइनलमा पुग्ने पहिलो टिम बनेका छन् ।

बलिङ्ग तर्फ इनार्वाका उमेश पासवान ४ ओभर ३९ रन २ विकेट, परमेश्वर राम ४ ओभर १८ रन ४ विकेट र रामानन्द गुप्ता २ ओभर २ बलमा १५ रन खर्चेर २ विकेट लिन सफल भए पनि आफ्नो टिम लाई फाइनलको यात्रा गराउन सकेनन् । न्युटनका लागि ४ ओभरमा ५ विकेट लिन सफल अनिल शर्मा लाई शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेखको हात बाट 'म्यान अफ द म्याच' को उपाधिले सम्मानित गरिएको थियो । 'म्यान अफ द म्याच' घोषित भएका शर्माले टिम हारको मुखमा पुगेको बखत विष्फोटक ब्याटिंग गर्दै ६ बलमा १९ रन बनाएर टिमलाई फाइनलको टिकट पक्का गराउन सफल कुश मण्डल लाई आफ्ना 'म्यान अफ द म्याच' को ट्रफी दिएर हौसला बढाएका थिए । प्रतियोगिता अन्तर्गत दोस्रो सेमिफाइनल खेल शुक्रबार दिनको १२ बजे देखि लहान ६ र लहान मोर्निंग स्टार टिम बीच हुने आयोजकले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

### शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# 'प्रचण्डले मलाई निकाल्नु भनेको भाडामा बस्नेले घरबेटीलाई'

■ प्रधानमन्त्री ओली

प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई प्रचण्डले पार्टीमा कारवाही गर्नु भनेको निकै हाँस्यास्पद भएको बताएका छन्।

बुधबार साँझ एक टेलिभिजनमा अन्तर्वार्ता दिँदै प्रधानमन्त्री ओलीले प्रचण्डभन्दा अगाडिदेखि नै आफू राजनीतिमा लागेको भन्दै अहिले उनले कारवाही गर्न नमिल्ने बताएका छन्। 'प्रचण्डले पार्टीमा मलाई कारवाही गर्नु भनेको निकै हाँस्यास्पद भएन र ?, यो त घर भाडामा गएर बस्नेले घरबेटीलाई निकालेको जस्तै हो,' उनले भने ।

प्रधानमन्त्री ओलीले आफूलाई कसले कहाँबाट निकाल्छ भन्ने कुराको कुनै मतलब नभएको दाबी गरेका छन् ।

उनले आफूले कम्युनिस्ट आन्दोलनमा गरेको त्याग र तपस्याले यो हैसियतमा पुगेको बताए ।ओलीले प्रचण्डले आफूलाई पार्टी अध्यक्षबाट हटाउने निर्णय चार्ली च्याप्लिनको जोक जस्तो भएको जिकिर गरे। बैंक्वेटमा भेला गरेर आफूलाई निकाल्दैमा जनताको मनबाट निकाल्न नसक्ने ओलीको भनाइ थियो। 'तपाईंलाई हाँसो लाग्दैन ? प्रचण्डले मलाई यो पार्टीको सदस्यबाट निस्काशन गर्ने ? चार्ली च्याप्लिनको जोक भन्दा माथिल्लो हैसियतको लाग्दैन। प्रचण्डभन्दा कम्तिमा एक दशक अगाडि राजनीतिमा लागेका हुँ । एकदशक अगाडि पार्टी सदस्यता लिएको होला', ओलीले भने ।

ओलीले नेकपाकै अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको आचरणमाथिसमेत टिप्पणी गरेका छन् । अन्तर्वार्ता दिँदै ओलीले प्रचण्डले मान्छेलाई गलत बाटोमा हिँड्न बाध्य बनाउने गरेको आरोपसमेत लगाए ।



उनले प्रचण्डको यो पहिलेदेखिकै स्वभाव भएको भनेका छन् ।

ओलीले अहिले नेकपामा आएको विवादमा आफ्नो माधवकुमार नेपाल, झलनाथ खनाललगायतसँग कुनै गुनासो नभएको स्पष्ट पारेका छन् । उनले अहिलेको विभाजन पनि नेपाल खनालसँग नभएर प्रचण्डसँग भएको बताएका हुन् ।

ओलीले भने, 'विभाजन भएको प्रचण्डजी र मेरो हो। पेरिसडाँडामा मेरो हकदाबी छैन। बल्खु र पेरिसडाँडाको दाबीमा उहाँले राजनीतिक संस्कार सिक्नुपर्छ । मैले प्रचण्डजीसँग विभाजन गरेको हो। नेपाल, झलनाथ वा नारायणकाजीसँग विभाजन गरेको हैन ।'यसअघि नेकपामा पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालको नेकपाले राजधानीमा एक भेला गरेर केपी ओलीलाई अध्यक्षबाट निस्कासित गरिसकेको छ ।ओलीले बैठकमा नआएपछि र विभिन्न समयमा दिएका अभिव्यक्ति गलत देखिएपछि आफूले प्रवक्ता फेरेको खुलासा गरेका छन् ।

प्रधानमन्त्री ओलीले आफूले प्रवक्ता नारायणकाजी श्रेष्ठलाई फेर्न बाध्य भएको बताएका छन् ।

यसअघि सोमबार बालुवाटारमा बसेको ओली समूहको बैठकले नेकपा प्रवक्ता नारायणकाजी श्रेष्ठलाई कारवाही गर्ने निर्णय गर्दै प्रदीप ज्ञवालीलाई नयाँ प्रवक्ता तोकेको थियो ।

ओलीले प्रचण्ड बैठकमा नआउनुको कारण आफूलाई थाहा नभएको बताएका छन्। अहिले नेकपामा विवाद गरेर प्रचण्ड नेपालसमूहले ठिक नगरेको ओलीले बताएका हुन् ।

'हिजो त उहाँहरू सोफामा बस्ने कुरामा पनि इस्यू निकाल्नुहुन्थ्यो,' प्रधानमन्त्री ओलीले भनेका छन्, 'हिजो बालुवाटारमा मिटिङ्मा त म अपरेसन गरेर फर्किएपछि पनि सहज सोफामा बस्न दिइएको थिएन नि ।'प्रधानमन्त्री केपी शर्मा ओलीले आफूले चुनावमा जाने निर्णय गरिसकेकाले देश अब चुनावमा होमिएको बताएका छन् ।उनले प्रधानमन्त्रीसँग विशेष अधिकार हुने र आफूले निर्वाचनमा जाने घोषणा गरेपछि देश निर्वाचनमा गएको बताएका हुन् ।प्रधानमन्त्री ओलीले बेलायतको उदाहरण दिँदै आफूले गरेको काम पनि ठिक भएको बताएका छन्। उनले अब देशमा चुनाव हुने निश्चित भइसकेको बताए ।

प्रधानमन्त्री ओलीले नेपालको नयाँ नक्सा छापेपछि आफूमाथि घेराबन्दी गरिएको बताएका छन् ।

उनले भारतले मिचेको नेपालको भूमी समेटेर आफूले नक्सा छापेपछि आफूमाथि प्रहार भएको बताएका हुन् ।

आफ्नै पार्टीका नेताहरूले पनि यो कदमपछि आफूलाई समस्यामा पारेको बताउँदै उनले आफ्नो पहिलो कार्यकालमा पनि चीनसँग नजिक भएपछि घेराबन्दी गरिएको स्मरण गरे ।

# ओली प्रचण्ड-नेपाल समूहको सचिवालय सदस्य, साधारण सदस्यबाट अझै केहीदिन नहटाउने




प्रचण्ड-नेपाल समूहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई आफूले आधिकारिक जिकिर गर्दै आएको नेकपाको साधारण सदस्यबाट अझै केही दिन नहटाउने भएका छन् ।

पुस ७ गते बसेको केन्द्रीय कमिटी बैठकले पार्टी अध्यक्षबाट हटाउने स्थायी कमिटी बैठकको निर्णय अनुमोदन गरे पनि उनी अझै सचिवालय, स्थायी र केन्द्रीय कमिटीमा बहाल रहेको बताइएको छ । केन्द्रीय कमिटी बैठकको निर्णय सुनाउँदै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संसद् विघटनको सिफारिस गर्ने निर्णय गल्ती थियो भनेर आत्मालोचित भए अझै स्वीकार गर्न सकिने बताएका थिए । दाहाल-नेपाल समूहका सचिवालय सदस्यले ओलीलाई अझै केहीदिन थप कारबाही नगरिने बताएका हुन् ।'उनलाई गल्तीअनुसार थप कारबाही त गर्नैपर्छ तर अहिले नै त्यसबारे छलफल भएको छैन, एक सदस्यले भने ।पुस ७ गते ओली र प्रचण्डले छुट्टाछुट्टै केन्द्रीय कमिटीको बैठक राखेर आफूलाई आधिकारिक, वैधानिक जिकिर गरेका छन् । नेकपाको आधिकारिकता विवाद निर्वाचन आयोग पुगेको छ । ओली पक्षले केन्द्रीय कमिटी विस्तार र विधान संशोधन गरेको निर्णय निर्वाचन आयोग पुर्‍याइसकेको छ ।

प्रचण्ड-नेपाल समूहले बुधबार स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे, लिलामणि पोखरेल, केन्द्रीय सदस्य राजेन्द्र पाण्डे र पूर्वमहान्यायाधीवक्ता मुक्ति प्रधान सहितको प्रतिनिधिमण्डललाई निर्वाचन आयोग पठाएर आफ्नो समूहको निर्णयको जानकारी गराइसकेको छ । पार्टीका वरिष्ठ नेता झलनाथ खनालले पनि बुधबार नै संघीय संसदीय दलको बैठकमा पनि सांसदहरूलाई केन्द्रीय कमिटीले गरेको निर्णयको जानकारी गराइएको बताए । आजै बसेको संसदीय दलको बैठकले प्रचण्डलाई संसदीय दलको नेता बनाउने माधव नेपालको प्रस्ताव अनुमोदन गरेको खनालको भनाइ थियो ।दाहाल-नेपाल समूहको केन्द्रीय कमिटीको बैठक बिहीबार पनि बस्दैछ । कार्की पार्टी प्यालेसमा बस्ने केन्द्रीय कमिटीको बैठकमा ओलीले स्थायी कमिटीमा पेस भएका दस्तावेजका अतिरिक्त ४० पेज लामो अर्को प्रत्युत्तरपत्र पेस गर्ने उनका प्रेस संयोजक विष्णु सापकोटा जुगलले जानकारी दिए । गत कात्तिक २२ सचिवालयको बैठक बोलाउन सहमतिको माग गर्दा २५ गते ओलीले पाँच पृष्ठ लामो जवाफ लेखेका थिए । त्यसपछि नेकपामा आरोप-प्रत्यारोपको सिलसिला नै चलेको थियो । कात्तिक २८ गते बसेको सचिवालय बैठकमा प्रचण्डले पुनः त्यसको जवाफ दिँदै अर्को पत्र लेखेका थिए । १३ मङ्सिरमा ओलीले १९ पानामा त्यसको प्रत्युत्तर लेखेपछि पत्रको सिलसिला रोकिएको थियो । पार्टी विभक्त भएपछि ओलीलाई प्रचण्डले ४० पानामा त्यसको जवाफ दिन लागेको उनीनिकट स्रोत बताउँछ । 'सचिवालय बैठकमा उहाँले मौखिकरूपमा जवाफ दिनुभएको छ । केन्द्रीय कमिटी बैठकमा लिखित नै जाओस् भनेर त्यसको तयारी गरिएको हो,' उनीनिकट स्रोतले भन्यो ।

**दाहाल-नेपाल समूहमा नयाँ महासचिवको खोजी**

पार्टीका महासचिव विष्णु पौडेल ओली खेमातिर लागेपछि दाहाल-नेपाल समूहमा महासचिव पद रिक्त छ । उनीहरूले नयाँ महासचिवको खोजी गरेको र बिहीबार नै पूर्तिको तयारी गरेको स्रोत बताउँछ । स्रोतका अनुसार महासचिवको छनोटमा झलनाथ खनाल हाबी भएका छन् । मङ्गलबारको स्थायी कमिटीमा खनालले ओलीलाई कारबाही गरेपछि रिक्त रहेको पार्टी अध्यक्षमा माधव नेपाललाई प्रस्ताव गरेका थिए । स्थायी कमिटीले अनुमोदन गरेपछि केन्द्रीय कमिटीको बैठकमा पनि उनैले प्रस्ताव गरे । ३ सय १५ जना केन्द्रीय सदस्य उपस्थित रहेको जिकिर गरिएको बैठकमा प्रभु साहबाहेक विरोध गर्ने कोही भएनन् ।

नेता नेपाललाई पार्टी अध्यक्षमा प्रस्ताव गरेका महासचिव आफूले भनेकै मानिसलाई बनाउनुपर्ने खनालको तर्क छ । उनले तत्कालीन एमालेको नवौं महाधिवेशनमा झीनो मतान्तरले ईश्वर पोखरेलसँग पराजित हुन पुगेका सुरेन्द्र पाण्डेलाई प्रस्ताव गरेका छन् । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जनार्दन शर्मालाई अघि सारेका छन् । शर्माको विकल्पमा उनले वर्षमान पुन अनन्तलाई पनि अघि सारेको स्रोतको दाबी छ । यता माधव नेपालले भने भीम रावललाई अगाडि बढाउने तयारी गरेका छन् । रावलबाहेक उनको चाहनामा बेदुराम भुसाल पनि छन् ।

तर, अन्तिममा पाण्डेकै सम्भावना बलियो रहेको स्रोत बताउँछ ।*बाह्रखरीबाट*

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)